# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
## गोलबजार, सिरहा
## मधेश प्रदेश, नेपाल

**पोखरी ठेक्का सम्बन्धी सूचना**

(छेठौं पटक प्रकाशित मिति २०८२/१०/२६)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आव २०८२।०८३ देखी २०८४/०८५ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी कोटेशन दिन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्र फारम सूचना प्रकाशित मितिबाट २०८२।११।०४ गतेसम्म कार्यालय समय भित्र उल्लेखित बोलपत्र फारम दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको राजस्व शाखा बाट बोलपत्र फारम खरिद गर्न सकिनेछ। साथै बोलपत्र फाराम खरिद गर्दा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ।

२. खरिद गरिएको बोलपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट संग अध्ययन गरी सम्बन्धित व्यक्तिले पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर पोखरीको नाम, प्रेषकको नाम र ठेगाना प्रष्ट संग लेखी ८ (आठौं) औं दिन अर्थात २०८२।११।०४ गते दिनको १२:०० बजेसम्म खाम यस कार्यालयबाट खरिद गरिएको सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा नगरपालिकाको कार्यालयमा खोलिने छ। उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा रितपूर्वकको बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अंकको नेपाली नागरिक भए ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस कार्यालयको नाममा रहेको ग्लोवल आई.एम.ई बैंक शाखा कार्यालय, गोलबजार, सिरहा स्थित (५५०४०१००००१६) धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राख्नु पर्नेछ।

५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. ठेक्का अवधि आ.व. २०८२।०८३ देखी आ.व. २०८४।०८५ सम्मको २०८५ असार मसान्त सम्म हुनेछ।

७. बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्रलाई बदर गरिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सम्बन्धि कुनै समस्या आई परेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा नगरपालिकाले समाधान गर्ने छ र सोही समाधान अन्तिम पनि हुनेछ।

९. प्राप्त बोलपत्रहरु कुनै पनि कारण जनाई वा नजनाई आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. आफूले कबोल गरेको सम्पूर्ण अंकको (स्वीकृत) रकम अग्रिमरुपमा बुझाउनु पर्नेछ र यसरी अग्रिम रुपमा सम्झौता गर्दा के कति छुट हुन्छ भन्ने कुरा स्पष्ट रुपमा उल्लेख नगरेका कारणले १० (दश) प्रतिशत छुट दिईनेछ। किस्ताबन्दीमा लिईने भएमा पहिलो किस्ता (कबोल अंकको ४०%) रकम सम्झौता गर्ने समयमा बुझाउनु पर्नेछ, दोस्रो किस्ताको (कबोल अंकको ३०%) रकम २०८३ श्रावण मसान्तसम्म र तेस्रो किस्ता (कबोल अंकको ३०%) रकम २०८४ श्रावण मसान्तसम्म बुझाउनु पर्नेछ। पहिलो किस्ता बाहेक रकम वापत यस कार्यालयको नाममा २०८५ साल असोज महिनासम्मको बैंक ग्यारेण्टी (कार्य सम्पादन जमानत) धितो पेश गरी मात्र

अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

सम्झौता गरी पट्टां उठाउन पाउनेछ। म्याद भित्र बैंक ग्यारेण्टी पेश नभएको र सम्झौता नगरेको खण्डमा त्यसपछिको बोलपत्रवालालाई नियमानुसारको प्रकृया अगाडी बढाई दिइनेछ।

११. यसमा उल्लेखित बाहेक अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन्।

१२. स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने करहरु सम्बन्धीत ठेक्कादारले स्वयम बुझाई सक्कलै भौचर यस कार्यालयको राजस्व शाखामा चालु आर्थिक वर्षमा नै बुझाउनुपर्नेछ।

१३. नगरपालिकालाई नगदी जिन्सी तिर्न बुझाउनु बाँकी रहेको व्यक्ती/संस्था/फर्म/कम्पनीले निवेदन खरिद गर्न पाउने छैन र खरिद गरी ठेक्का स्वीकृत भएपनि पछि रद्द गरिनेछ।

१४. प्रत्येक पोखरीको सिलबन्दी खाम छुटाछुटै दिनुपर्नेछ र खामको बाहिरपट्टी पोखरीको नाम खुलाउनु पर्नेछ।

१५. रित नपुगेको तथा म्याद नाघी आएको कोटेशन उपर कुनै कारवाही हुने छैन।

१६. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तीवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१७. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ।

१८. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन। सवैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको बोलपत्र स्वीकृत हुनेछ।

१९. बोलपत्र सम्वन्धी थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

**आ.व.०८२। ०८३ देखी ०८४। ०८५ सम्म ठेक्का लाग्ने पोखरीहरु**

| सि.न. | पोखरीको नाम | ठेगाना वडा नं. | न्यूनतम रकम (भ्याट बाहेक) रु. |
|---|---|---|---|
| १ | खजनपुरीया पोखरी | १ | ४६,१२५।– |
| २ | डाबर खाता झगरु महतो घर नजिक | १ | ४,१२५।– |
| ३ | भर्तिवाला बाँध पोखरी | १ | १४,२५०।– |
| ४ | जम्दह-४ का रामकुमार वाला पोखरी | ३ | ४२,०००।– |
| ५ | भट्ट पोखरी | ४ | १,४०,०००।– |
| ६ | विष्ट घर निरको पोखरी | ८ | १९,७६,२५।– |
| ७ | गिट्टीवाला पोखरी | ८ | २,५३,७५०।– |
| ८ | आ. बलकवा ढाङ्गर टोल | ११ | २६,७७५।– |
| ९ | बेतौना ४ क गाउँब्लक पोखरी | १२ | ५६,२५०।– |
| १० | बेतौना ५ अर्जिलालवाला पोखरी कित्ता नं. ३१४ | १२ | १,९५,३७५।– |
| ११ | बेतौना ३ ग बेतौना ३ दुर्गा मन्दिर कित्ता नं. १६ | १२ | १,५७,५००।– |
| १२ | बेतौना ४ ग बेतौना ५ मिर्चे कित्ता नं. ३० | १२ | २३,६२५।– |
| १३ | बेतौना-९क बेतौना ९ हरदेव महतो कित्ता नं. ३३१ | १२ | ७९,२७५।– |
| १४ | मैजीनिया पोखरी | १३ | ७५,७५०।– |
| १५ | जिम्दार पोखरी | १३ | ३,०३,७५०।– |
| १६ | घुरमौवा पोखरी | १३ | १,११,०००।– |

अनन्त कुमार पौ
प्रमुख प्रशासकीय अ